## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँगसम्बन्धित)

# स्थानीय राजपत्र

*वर्ष : ५, अंक १, संख्या १, दि.सि.न.पा. डोटी, स्थानीय राजपत्र भाग २, मिति : २०७८।०१।१५ बुधवार*

## दिपायल सिलगढी नगरपालिका

*सभा वैठकवाट पारित मिति : २०७८।०१।०६*

## असहाय एकल महिला भत्ता वितरण कार्यबिधि, २०७८

प्रस्तावनाः यस दिपायल सिलगढी नगरपालिका क्षेत्र भित्रकका ४० वर्ष उमेर पुरा भएका विवाह नगरेका सम्बन्ध विच्छेद भएका तर अर्को विवाह नगरेका महिलालाई असहाय एकल महिला भत्ता उपलब्ध गराउन बान्छनीय देखिएकाले स्थानिय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को (२)ले दिएको अधिकार प्रयोग गरी दिपायल सिलगढी नगरकार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः यो कार्यबिधिको नाम असहाय एकल महिला भत्ता वितरण कार्यबिधि,२०७८ रहेको छ।

(२) यो कार्यविधि दि.सि.न.पा. कार्यपालिकाबाट पास भए पछि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा : विषय वा प्रसंगले अर्कोअर्थ नलागेमा यस कार्यबिधिमा,-

क) "नगरपालिका" भन्नाले दिपायल सिलगढी नगरपालिका सम्झनु पर्छ ।

(ख) "नगरसभा" भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले दिपायल सिलगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) "शाखा" भन्नाले महिला तथा बालबालिका शाखा सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(च) "उपप्रमुख" भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(छ) "एकल महिला " ४० वर्ष उमेर पुरा भएका विवाह नगरेका महिला सम्झनु पर्छ ।

३.असहाय एकल महिला भत्ता : देहायका एकल महिलाले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको असहाय एकल महिला भत्ता पाउनेछन् ।

(क) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका एकल महिलाहरु

(ख) पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका, एकल महिलाहरु

(ग) परिवारको सदस्य भए पनि आर्थिक रुपले विपन्न अवस्थामा रहेका एकल महिलाहरु

(घ) परिवारका सदस्यले पालन पोषण नगरेका, एकल महिलाहरु

(४ ) असहाय एकल महिला भत्ता पाउने महिलाहरुले राष्ट्रिय बाणिज्य बैंकमा खाता खोलेको हुनुपर्ने छ ।

(५)  असहाय एकल महिला भत्ता नपाउनेः देहाय बमोजिमको व्यक्तिले यस कार्यविधि बमोजिमको असहाय एकल महिला भत्ता पाउने छैन :-

(क) विवाह गरेमा

(ख) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित वा मनोनित भई बहाल रहेको व्यक्ति

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहको पूर्ण वा आँशिक स्वामित्व भएको संगठित संस्थाबाट  नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सूविधा वा अन्य सूविधा पाइरहेको व्यक्ति ।

६ असहाय एकल महिला भत्ता पाउनका लागिः देहाय बमोजिमको कागजातहरु उपलब्ध गराएको हुनु पर्नेछ

(क) सम्बन्धित वडा कार्यालयले यस कार्यविधिको दफा २ को खण्ड (ग) बमोजिमको होभनी सिफारिस गरेको हुनु पर्नेछ ।

(ख)  नागरिकताको  प्रमाणित प्रतिलिपि

(ग) पासपोर्ट साइजको ३ प्रति फोटो

७.व्यवसाय सञ्चालन :- असहाय एकल महिला भत्ता पाएका महिलाहरुले आत्मनिर्भर र जीवनस्तर सुधार्न आफुले सक्ने व्यवसाय सञ्चालन गर्नुपर्ने छ ।

८. यस सम्बन्धमा थप केही व्यवस्था गर्नु पर्ने आवश्यकता भएमा यस नगरपालिकाको कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**मन्जु मलासी**

**नगर प्रमुख**